# नेपाल गजेट

नेपाल सरकारद्वारा प्रकाशित

काठमाडौं श्रावण २७ गते ०१ साल

## भाग ४

### खाद्य–भूमिव्यवस्थामन्त्रालयको सूचना

जिल्लाका ग्राम— पञ्चायतहरूले पञ्चायती ऐनबमोजिम मात्र काम गर्नुपर्नेमा दुनियाँहरूको तमसूक लेनदेन व्यवहार कागज इलाका माल रजिष्टेशनमा आई पास गर्नुपर्नेमा पञ्चायतबाटै पास हुन्छ भनी हटक गरी लाटासुधा दुनियाँलाई मोप्याई धमाधम पास गरेको छ भन्ने जाहेरी आएको हुनाले र सोबमोजिम पञ्चायतबाट लिखत पास गरेमा पछि दुनियाँको लिखत कच्चा हुन जाने र सरकारको दस्तूर नोक्सान हुन जाने हुनाले जिल्ला पञ्चायतले दुनियाँ व्यवहारको लिखत पास गर्नू भन्ने ऐन सवाल नभएकोले ऐनसवालबेगर पञ्चायतले पास गरेमा पछि दुनियाँको लिखत कच्चा हुन जाने हुनाले सो गर्न नहुने गरेमा उचित नसिहत गरी ऐन सवालबमोजिम जो जसलाई लेख्नुपर्ने हो, यथाशीघ्र लेखी पठाउनु होला भन्ने बेहोरासमेत स्थानीय स्वायत्त शासनमन्त्रालयमा लेखी गै सकेको छ । भइराखेको सनद सवालबमोजिम गर्नु गराउनु होला ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।